*[२०६६ सालको पुरस्कार जगदम्बा-श्रीद्वारा सम्मानित विद्वान्
डा. राजेन्द्र विमलको उद्गार]*

**यस गरिमान्वित समारोहका अध्यक्षज्यू, विविध क्षेत्रका शिखर व्यक्तित्वहरू तथा नेपाली हुनुका नाताले पर्ने बा, आमा, दाजुभाइ तथा दिदीबैनीहरू !**

सम्भवत: आइन्सटाइनले भनेका छन्– केही व्यक्ति उपयोगी (युसफुल) हुन्छन् र केही सफल (सक्सेसफुल)। उपयोगी व्यक्ति त्यो हो रे, जसले समाज वा राष्ट्रलाई धेर दिन्छ र थोर लिन्छ। अनि सफल व्यक्ति त्यो हो रे जसले समाज वा राष्ट्रलाई र थोर दिन्छ र बढी प्राप्त गर्दछ। पहिले म उपयोगी व्यक्ति थिएँ क्यार ! 'जगदम्बा-श्री' पुरस्कार प्राप्त भएपछि मलाई अकस्मात् आफू सफल व्यक्तिमा परिवर्तित भएको अनुभूति हुन थालेको छ। नेपाली वाङ्मयलाई मैले जे जति योगदान गर्न सकें, त्यसको तुलनामा यो सम्मान बहुत ठूलो छ र मेरो चेतनालाई हुँडल्ने मेरो लघुताभासले मलाई मैले पाएको सम्मानको गरिमाअनुकूलको साधना र सृजना गर्न प्रतिपल नैतिक चाप दिएको छ। मदन पुरस्कार गुठीले प्रत्येक वर्षझैं यस वर्ष पनि प्रमाणित गरेको चेतनागत उदात्तताप्रति श्रद्धावनत रहँदै मिथिलाको यो छोरो यस वर्ष आफूप्रति परिलक्षित गरेको दुर्दान्त अनुरागका लागि भावविह्वल भई शिर निहुँराउँदै छ। ती सबै महान् आत्माहरूप्रति पनि म आभार प्रकट गर्दछु, जसको हृदयमा उठेको आशीर्वादको जलद ममाथि यस महान् पुरस्कारको रूपमा बर्सिएको छ। यो पुरस्कार मलाई भूगोल, जात, जाति, धर्म, नाता वा अन्य कुनै सङ्कीर्ण भावनाको आधारमा निश्चय पनि दिइएको छैन, नेपाली हुनुको नाताले दिइएको छ। नेपाली त्यो हो जसको हृदयमा सिङ्गो नेपाल छ– न जात, न सम्प्रदाय, न क्षेत्र, न अन्य कुनै सङ्कीर्णता । हृदयमा नेपाल हुनुको अर्थ हो, नेपाल कतै दु:खेको छ भने मेरो हृदय सहजै

दुख्नु पर्दछ। अत:एव, मलाई लाग्दछ, यस पुरस्कारले मलगायत नेपाली वाङ्मयका सम्पूर्ण स्रष्टालाई सन्देश दिएको छ– हाम्रो सिर्जनामा नेपाल रोएको क्रन्दन- स्वर सुनिनुपर्दछ, नेपाल मुस्कुराएको रङ्ग छरिनुपर्दछ र नेपालको आँसु पुछेर त्यसलाई हाँसोमा परिवर्तित गर्ने शब्दको जादुगरी हुनुपर्दछ ।

साहित्यानुभूतिलाई स्वायत्त मान्न सकिए पनि समकालीन जीवन-जगत्सँगै शाश्वत-सार्वभौम जीवनप्रतिको नैतिक एवं रचनात्मक दायित्वको बोधको अभावले गर्दा उत्पन्न समकालीन जीवनको सङ्घर्षमा सार्थक हिस्सेदारीप्रति साहित्यकारमा उदासीनता हुनु तथा क्षणिक लाभको आशाले चारणवृत्तिलाई प्रश्रय दिनु राष्ट्रिय-अन्तर्राष्ट्रिय इतिहासमा दुर्घटनालाई ठाउँ छोड्नु वा त्यसलाई उद्दीपन दिनु हो। आफू बाँचेको समकालीन जीवन-जगतप्रति सजग एवं सम्वेदनशील भई त्यसको प्रत्येक ढुकढुकीलाई 'वस्तु' बनाई कलापूर्ण 'रूप' मा सजाउँदा सौन्दर्य-संवाक्य (इस्थेटिक जजमेन्ट), सौन्दर्यानुभव (इस्थेटिक एक्सपिरिएन्स) सौन्दर्यानन्द, (इस्थेटिप्लेजर), सौन्दर्याभिरुचि (इस्थेटिक टेस्ट), 'वस्तु' र 'रूप'को सुन्दर समन्वयले स्वत: घटित हुन जान्छ भन्ने मान्यताले गर्दा जीवन-जगत, राष्ट्र र समाजप्रतिको रचनात्मक दायित्वप्रति मेरो सजगता र संवेदनशीलतालाई म स्वीकार गर्दछु ।

नेपालका सबै भाषाका साहित्यका बीच परस्पर विनिमयको सुमधुर परम्पराको विकास भएर एकअर्का भाषाका साहित्यसित परिचित भई नेपालका सबै भाषाका साहित्य सबल र समृद्ध हुने र विशाल साहित्यसम्पदा लिएर हाम्रो यो राष्ट्र एकढिक्का भएर उठ्ने सपना मैले साँचेको छु । आञ्चलिक साहित्यको विकासद्वारा राष्ट्रभाषा नेपाली साहित्यको मातृहृदयलाई अझ विशाल हेर्न पाउने, नेपाली जीवनका सबै पाटा प्रतिबिम्बित भएको तथा यसरी विभिन्न क्षेत्र र वर्गका अपरिहार्य नव-नवीन शब्दले स्वत: प्रविष्टि पाएर नेपाली शब्दकोश अझ विशाल

र समावेशी भएको देख्न पाउने सपना मैले पालेको छु। नेपालको इन्द्रेणी-संस्कृतिका रङ्गहरूले चिरिच्याँट्ट पारेको विशाल नेपाली साहित्यको एकएक विधालाई शिश्वसाहित्यको अग्रतम स्थानमा गर्वोन्नत भएर विराजमान भएको देख्ने सपना मैले लगभग आधा शताब्दीदेखि मेरो हृदयको कुनै कुनामा आरतीको दीपझैं बालेर राखेको छु। मेरा यी सपनाहरूलाई साकार भएको देखेरै संसारबाट बिदा हुन्छु भन्ने विश्वास नेपाली साहित्यसाधकहरूको भास्वर प्रतिभाले मभित्र जगाएको छ। म त्यस मङ्गल-मुहूर्तको प्रतीक्षामा छु।

मसँगै पुरस्कृत हुनुभएका विद्वान् साथी कृषिविशेषज्ञ श्री नरबहादुर साउदजीलाई पनि म हृदयदेखि साधुवाद दिन्छु। पूर्व र पश्चिमका हामी दुई नेपाली यसरी एकैसाथ सम्मानित हुनुलाई पनि मैले समावेशी नेपालको लागि अत्यन्त स्वागतयोग्य संयोग हो भन्ने ठानेको छु। हामी दुईलाई एकठाम समावेश गर्नुभएकोमा गुठीका पदाधिकारीवर्गलाई म धन्यवाद भन्छु।

अन्त्यमा एकचोटि पुन: यहाँ हुनुभएका र नहुनुभएका सम्पूर्ण नेपाली बन्धु-बान्धवका चरणमा श्रद्धापूर्वक शिर निहुराउँदै बिदा चाहन्छु।

धन्यवाद !